# नेपाल टेलिकम
# NEPAL TELECOM

पत्रसंख्या : सा.प्र. १।०३।०८०।८१

च.नं. : ८५

मिति : २०८०।०५।१७

विषय : **कर्मचारी विनियमावली, २०७८ संशोधन सम्बन्धमा ।**

श्री नेपाल टेलिकम,

................................................................................. ।

प्रस्तुत विषयमा कम्पनीको सञ्चालक समितिको मिति २०८०।०५।०४ गते बसेको ९९३ औं बैठकको निर्णय नं. ३९१६ बाट श्री लोकसेवा आयोग तथा श्री अर्थ मन्त्रालयबाट परामर्श/सहमति भई आए अनुसार अनुसूची-१ बमोजिम नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम), कर्मचारी विनियमावली, २०७८ मा दोस्रो संशोधन स्वीकृत गरी लागू गर्ने निर्णय भएको हुँदा उक्त अनुसूची-१ को प्रतिलिपि पाना-२ यसै पत्रसाथ संलग्न गरिएको छ । संलग्न अनुसूची बमोजिम जानकारी एवं आवश्यक कार्यान्वयन गर्न/गराउनु हुन अनुरोध गरिन्छ ।

**बोधार्थ तथा कार्यार्थ :**

श्री नेपाल टेलिकम, केन्द्रीय खर्च विभाग, के.का. ।

श्री नेपाल टेलिकम, आ.ले.प. तथा नि. विभाग, के.का. ।

श्री नेपाल टेलिकम, क.प्र. शाखा, के.का. ।

श्री नेपाल टेलिकम, किताब शाखा, के.का. ।

सुरज सिंह थापा

..................

**सुरज सिंह थापा**

**प्रमुख मानव संशाधन अधिकृत**

(यो परिपत्र नेपाल टेलिकमका सबै निर्देशनालय तथा प्रादेशिक निर्देशनालयहरुमा प्रेषित गरिएको छ ।)

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको
नामामा दर्ता भएको

केन्द्रीय कार्यालय
प्रमुख मानव संशाधन अधिकृतको कार्यालय
सामान्य प्रशासन विभाग
(सामान्य प्रशासन शाखा)
दूरसञ्चार भवन, काठमाण्डौ ।

प्रवन्ध निर्देशक :- ४२४३४४४
CHRO :- ४२१०१०७
प्रवन्धक :- ४२१०४५२
फ्याक्स :- ४२१०४३३

अनुसूची-१

## नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कर्मचारी (दोस्रो संशोधन) विनियमावली, २०७८

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्धपत्रको दफा ४ को खण्ड (छ) को उपखण्ड (२५) ले दिएको अधिकार प्रयोग गरी नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको सञ्चालक समितिले देहायका विनियमहरु बनाई लागू गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ :</u> (१) यी विनियमहरूको नाम "नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी (दोस्रो संशोधन) विनियमावली, २०७८" रहेको छ ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली, २०७८ (यसपछि "मूल विनियमावली" भनिएको) को विनियम ३५ मा संशोधन:</u> मूल विनियमावलीको विनियम ३५ को उपविनियम (२) को सट्टा देहायको उपविनियम (२) राखिएको छ :-

"(२) कुनै कर्मचारी यो विनियम बमोजिम बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन सम्बन्धित सेवा, समूह र उपसमूहको एकतह मुनिको पदमा तीन आर्थिक वर्ष स्थायी सेवा अवधि पूरा गरेको र बढुवा हुने पदको लागि अनुसूची-२ बमोजिमको न्यूनतम शैक्षिक योग्यता हासिल गरेको हुनु पर्नेछ ।"

३. <u>मूल विनियमावलीको विनियम १५५ मा संशोधन:</u> मूल विनियमावलीको विनियम १५५ को सट्टा देहायको विनियम १५५ राखिएको छ:-

"१५५. <u>निवृत्तिभरण सम्वन्धी विशेष व्यवस्था:</u> (१) यस विनियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सम्वत् २०६६ साल कार्तिक १ गते उप्रान्त स्थायी नियुक्त हुने कर्मचारीले विनियम १४४, १४५, १४६, १४७, १४८, १५१ को खण्ड (क) र विनियम १५३ बमोजिमका सुविधाहरु योगदानमा आधारित निवृत्तिभरण अवकाश कोषबाट पाउने छन् ।कम्पनीको योगदानमा आधारित निवृत्तिभरण अवकाश कोष सञ्चालन गर्ने जिम्मा नेपाल सरकारबाट स्वीकृति प्राप्त अवकाश कोष सञ्चालन गर्ने संस्थालाई दिईनेछ ।

(२) <u>उपविनियम</u> (१) बमोजिमका कर्मचारीलाई सामाजिक सुरक्षाका लागि योगदानमा आधारित निवृत्तिभरण दिन छुट्टै अवकाश कोष अन्तर्गत कर्मचारीको मासिक तलबबाट दश प्रतिशतका दरले रकम कट्टा गरी उक्त रकममा कम्पनीले मासिक तलबको दश प्रतिशत बराबरको रकम थप गरी निवृत्तिभरण कोष सञ्चालन गर्ने संस्थामा जम्मा गरिनेछ ।

(३) उपविनियम (१) बमोजिमका कर्मचारीले निवृत्तिभरण नपाउने गरी कम्पनीको सेवाबाट जुनसुकै कारणबाट अवकाश प्राप्त गरेमा वा विनियम १४८ बमोजिम हराई बेपत्ता भएमा उपविनियम (२) बमोजिम जम्मा भएको रकम कर्मचारी वा निजको हकवालाले प्राप्त गर्नेछ ।

तर भविष्यमा कम्पनीको सेवाका निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गरिएको कर्मचारीले यस विनियम बमोजिम कम्पनीको तर्फबाट जम्मा गरिएको रकम र सो रकममा आर्जित ब्याज र मुनाफा पाउने छैन ।

कम्पनी सचिव

(४) उपविनियम (१) बमोजिमको कर्मचारीले विनियम १४३ बमोजिमको उपदान पाउने छैन ।

(५) कम्पनीले निवृत्तिभरण कोष सञ्चालन गर्ने संस्थासँग समन्वय गरी आवधिक रुपमा दायित्वको बीमाङ्कीय मूल्याङ्कन (एक्च्यूरियल भ्यालुएशन) गराई निवृत्तिभरण कोषमा रकम अद्यावधिक गराउनेछ ।"

४. <u>मूल विनियमावलीको अनुसूचीमा संशोधनः</u> मूल विनियमावलीको अनुसूची-२ को,-

(१) खण्ड (क) मा रहेको प्रशासन सेवा अन्तर्गतको तह ७ को,-

(क) प्रशासन समूह, प्रशासन उपसमूह तर्फको प्रशासकीय अधिकृत पदमा बढुवाको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यतामा रहेका "स्नातक तह" भन्ने शब्दहरुको सट्टा "प्रमाणपत्र तह" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) प्रशासन समूह, प्रशासन उपसमूह तर्फको व्यापार अधिकृत पदमा बढुवाको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यतामा रहेका "स्नातक तह" भन्ने शब्दहरु तथा "स्नातक तह वा सो सरह" भन्ने शब्दहरुको सट्टा "प्रमाणपत्र तह वा सो सरह" भन्ने शब्दहरु राखिएका छन् ।

(ग) लेखा समूह लेखा उपसमूह तर्फको लेखा अधिकृत पदमा बढुवाको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यतामा रहेका "स्नातक तह" भन्ने शब्दहरुको सट्टा "प्रमाणपत्र तह वा सो सरह" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (ख) मा रहेको प्राविधिक सेवा, प्राविधिक समूह अन्तर्गतको तह ७ को:-

(क) प्राविधिक उपसमूह तर्फको प्राविधिक अधिकृत पदमा बढुवाको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यतामा रहेका "स्नातक तह" भन्ने शब्दहरुको सट्टा "प्रमाणपत्र तह वा सो सरह" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) निर्माण तथा मर्मत उपसमूह तर्फको प्राविधिक अधिकृत (निर्माण तथा मर्मत) पदमा बढुवाको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यतामा रहेका "स्नातक तह वा सो सरह" भन्ने शब्दहरु र "स्नातक तह" भन्ने शब्दहरुको सट्टा "प्रमाणपत्र तह वा सो सरह" भन्ने शब्दहरु राखिएका छन् ।

कम्पनी सचिव